## अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८२/०९/०९ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाहरुको विवरणः-

| सि.नं. | प्रतिवादीहरु | मुद्दा | आयोगको माग दावी तथा विशेष अदालतको फैसला | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | प्रतिवादीहरु<br>**मधु प्रसाद बस्ताकोटी, यमुना प्रसाद पंजियार, जगदेव कामती र कुमार खड्ग विक्रम शाह**<br><br>मु.नं (०७९-CR-००१९)<br>फैसला मिति २०८१/०३/०५ | सरकारी, सार्वजनिक जग्गा गैह्रकानूनी रुपमा व्यक्तिविशेष को नाममा कायम गरी भ्रष्टाचार गरेको । | **आयोगको माग दावी**<br>• **तत्कालिन जनकपुर गुठी तहसिल तथा खर्च कार्यालयका तत्कालिन कार्यालय प्रमुख मधु प्रसाद बस्ताकोटीको हकमाः** निज प्रतिवादीले साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १३ बमोजिमको कसूर गरेको र उक्त कसुरलाई हाल प्रचलित भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १७ ले समेत निरन्तरता दिएको देखिंदा निज प्रतिवादी मधु प्रसाद वस्ताकोटीलाई भ्रष्टाचार गरेको विगो रू.२९,८८,८१,४३७।५० कायम गरी साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १३ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरे वमोजिम ऐ. ऐनको दफा ३(१) बमोजिम जरिवाना र ऐ. ऐनको दफा ३(१)(झ) वमोजिम कैद सजाय गरी सोही भ्रष्टाचार निवारण ऐन,२०१७ को दफा १३ र भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १७ वमोजिम बिगो रकम रू.२९,८८,८१,४३७।५० समेत असुल उपर हुन मागदावी लिईएको छ।<br>• **मालपोत कार्यालय, धनुषाका तत्कालिन नायव सुब्बा यमुना प्रसाद पंजियारको हकमाः** निज प्रतिवादीले साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १३ बमोजिमको कसूर गरेको र उक्त कसुरलाई हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९को दफा १७ले समेत निरन्तरता दिएको देखिंदा निज प्रतिवादी यमुना प्रसाद पंजियारलाई विगो रकम रू २९,८८,८१,४३७।५० कायम गरी साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १३ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ले निर्देश गरे वमोजिम सोही ऐनको दफा ३(१) बमोजिम जरिवाना र सोही ऐनको दफा ३(१)(झ) वमोजिम कैद सजाय गरी सोही भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १३ रभ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ वमोजिम बिगो रकम रू.२९,८८,८१,४३७।५० समेत असुल उपर हुन मागदावी लिईएको छ।<br>• **मालपोत कार्यालय, धनुषाका तत्कालिन खरिदार जगदेव कामतीको हकमाः** निज प्रतिवादीले साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १३ बमोजिमको कसूर गरेको र उक्त | **फैसलाः**<br>प्रतिवादीहरुलाई आंशिक सफाई दिने गरी भएको फैसला।<br>**विशेष अदालतले फैसला गर्दा लिएका आधारहरुः**<br>• प्रतिवादीहरु मघु प्रसाद वस्ताकोटी, जगदेव कामती र यमुना प्रसाद पंजियारले सरकारी जग्गा ब्यक्ति विशेषको नाममा दर्ता गर्ने निर्णय आफैले गरेको नभई गुठी संस्थान केन्द्रीय कार्यालयबाट भए गरेको निर्णय कार्यान्वयन प्रक्रियामा संलग्न सम्म रहेकोले निज प्रतिवादीहरुको उक्त कार्यमा बदनियत रहेको नदेखिएको।<br>• कुमार खड्क विक्रम शाहको नाममा दर्ता कायम हुने निर्णय गर्ने प्रमुख मालपोत अधिकृत शशीनारायण लाल दास उपर अभियोग मागदावी लिइएको नपाईएको। | • नापीबाट सरकारी सार्वजनिक रुपमा जनिई अनवरतरुपमा सरकारी सार्वजनिक रुपमा नै भोगमा रहेका जिल्ला धनुषा साविक पिडारी गा.वि.स. वडा नं.५का कित्ता नं.१३२,१३३,१३४,१३५ का जग्गाहरु र कित्ता नं.६ को जग्गाधनी महल खाली भई व्यक्ति तथा गुठी संस्थान नजनिएको, सरकारी, सार्वजनिक जग्गाहरू तत्कालीन जनकपुर गुठी तहसिल तथा खर्च कार्यालयका कार्यालय प्रमुख तथा मालपोत कार्यालय, धनुषाका कर्मचारीहरु समेतको मिलेमतोमा सरकारी जग्गा ब्यक्तिको नाममा कायम गरी भ्रष्टाचारजन्य कार्य गरेको भन्ने समेत ब्यहोराको उजुरीको आधारमा अनुसन्धान प्रारम्भ भएको प्रस्तुत मुद्दमा तत्कालिन जनकपुर गुठी तहसिल तथा खर्च कार्यालयका तत्कालिन कार्यालय प्रमुख मधु प्रसाद बस्ताकोटीले तत्कालीन श्री ५ को सरकारको नाममा नापनक्सा भई कायम रहेका सरकारी सार्वजनिक जग्गाहरु भिड्दै नभिडने गुठी लगत कायम गरी कुमार खड्ग विक्रम शाहको नाममा दर्ता कायम हुने गरी जग्गाधनी प्रमाण पूर्जा बनाईदिन मालपोत कार्यालय धनुषालाई मिति २०४३।०४।२८ मा पत्राचार गरेको तथ्य मिशिल संलग्न तत्कालिन जनकपुर गुठी तहसिल तथा खर्च कार्यालयको कागजातहरुवाट पुष्टि भएको देखिन्छ। तत्कालिन जनकपुर गुठी तहसिल तथा खर्च कार्यालयका तत्कालिन कार्यालय प्रमुख मधु प्रसाद बस्ताकोटीले कानून वमोजिम गुठी जग्गाको लगत र अभिलेख समेत सुरक्षित राखी जग्गाको संरक्षण गर्नुपर्ने जिम्मेवारी र दायित्व भएको गुठी कार्यालयमा कार्यरत रहँदा आफ्नो पद मुताविकको जिम्मेवारी र दायित्वबाट बिमुख भई पदीय मर्यादाको समेत दुरुपयोग गरी सरकारी स्वामित्वमा नै रहिरहेको जिल्ला धनुषा साविक पिडारी गा.वि.स. वडा नं.५ कि.नं.१३२, कि.नं.१३३, कि.नं.१३४, कि.नं.१३५ र कि.नं.६ समेतका जग्गा गैह्रकानूनी रुपमा अनाधिकृत व्यक्तिका नाममा दर्ता गर्ने-गराउने कार्यमा प्रत्यक्ष संलग्न रहेको देखिदा देखिदै प्रतिवादी मधु प्रसाद बस्ताकोटी समेतलाई आरोपदावीबाट सफाई दिने गरी भएको फैसला त्रुटीपूर्ण हुदाँ बदर भागी छ।<br>• जग्गा नापजाँच ऐन, २०१९ बमोजिम २०२५ सालको पहिलो नापीबाट सरकारी सार्वजनिक रुपमा जनिई हालसम्म पनि अनवरतरुपमा सरकारी सार्वजनिक रुपमा नै भोगमा रहेका जिल्ला धनुषा साविक पिडारी गा.वि.स. वडा नं.५का कित्ता नं.१३२,१३३,१३४,१३५ का जग्गाहरु र कित्ता नं.६ को जग्गाको जग्गाधनी महल खाली भई व्यक्ति तथा गुठी संस्थान नजनिएको उक्त जग्गाहरु सरकारी, सार्वजनिक जग्गा रहेकोमा उक्त जग्गाहरूको अभिलेख प्रमाण सुरक्षित राखी जग्गाको संरक्षण समेत गर्नुपर्ने प्रमुख जिम्मेवारी र दायित्व हुने सम्बन्धित गुठी संस्थान, तथा मालपोत कार्यालय धनुषाले उल्टै व्यक्ति विशेषलाई सहयोग पुग्नेगरी वद्नियतसाथ विभिन्न कैफियतयुक्त र गैह्रकानूनी कार्य गर्नको लागि दुषित प्रस्ताव तथा पत्राचार गर्ने, उक्त प्रस्ताव स्वीकृति दिने समेतका निर्णय गरी-गराई सरकारी, सार्वजनिक सम्पत्तिको मस्यौट हुने गरी तत्कालीन जनकपुर गुठी तहसिल तथा खर्च कार्यालयका कार्यालय प्रमुख तथा मालपोत कार्यालय, धनुषाका कर्मचारीहरु लगायत यी प्रतिवादीहरु समेतको मिलेमतोमा योजनावद्ध तरिकाले आफ्नो पद र जिम्मेवारीको दुरुपयोग गरी नेपाल सरकारलाई प्रत्यक्ष हानी र व्यक्ति विशेषलाई गैह्रकानूनी लाभ पुऱ्याउने गरी बद्नियतपूर्वक गैह्रकानूनी निर्णय गरी गराई बनियतपूर्वक सरकारी जग्गा ब्यक्तिको नाममा कायम गरी भ्रष्टाचारजन्य कार्यको कसुर गरेको अवस्थामा उक्त विवादित जग्गाहरु सार्वजनिक जग्गा रहेको फिल्डबुक समेतका मिसिल प्रमाणबाट पुष्टि भएकोले सो जग्गाहरु नेपाल सरकारको कायम हुनु पर्ने देखिदा जिल्ला धनुषा साविक पिडारी गा.वि.स. वडा नं.५का कित्ता नं.१३२,१३३,१३४,१३५ का जग्गाहरु र कित्ता नं.६ बाट हाल कायम रहेका सबै जग्गाहरु भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ बमोजिम जफत भई नेपाल सरकारको नाममा दर्ता कायम हुने तथ्यमा अदालत सहमत भई सो जग्गा जफत हुने ठहर गरी फैसला गरि सकेको स्थितिमा यसरी सरकारी |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | कसुरलाई हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९को दफा १७ ले समेत निरन्तरता दिएको देखिंदा निज प्रतिवादी जगदेव कामतीलाई विगो रकम रू २९,८८,८१,४३७।५० कायम गरी साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १३ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरे वमोजिम सोही ऐनको दफा ३(१) बमोजिम जरिवाना र सोही ऐनको दफा ३(१)(झ) वमोजिम कैद सजाय गरी सोही भ्रष्टाचार निवारण ऐन, २०१७ दफा १३ र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ वमोजिम न्यूनतम् सरकारी मूल्याङ्कन रकम समेतको आधारमा कायम गरिएको बिगो रकम रू. २९,८८,८१,४३७।५० समेत असुल उपर हुन मागदावी लिईएको छ।<br>• **प्रतिवादी कुमार खड्ग विक्रम शाहको हकमाः** निज प्रतिवादीले साबिक भ्रष्टाचार निवारण ऐन,२०१७ को दफा ८ बमोजिमको कसूर गरेको र उक्त कसुरलाई हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९को दफा ८(४) ले निरन्तरता दिएको देखिन आएतापनी यी व्यक्तिको मृत्यु भईसकेको भन्ने मिसिल संलग्न कागजातबाट देखिंदा अपराधीसँगै अपराध मर्दछ भन्ने फौजदारी न्यायको सर्वमान्य सिद्धान्त एवं मुलुकी फौजदारी कार्यविधी संहिता २०७४ को दफा १३३ र १५८ समेतको कानुनी व्यवस्था बमोजिम निजलाई कैद र जरिवानाको सजायँ हुन नसक्ने तर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४६ तथा मुलुकी फौजदारी कार्यविधी संहिता २०७४ को दफा १३३ र १५८ बमोजिम मरेको व्यक्तिको हकमा समेत सरकारी वा निजि विगो, क्षतिपूर्ति वा रकम भराउन सकिने कानूनी व्यवस्था रहेकोले साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) वमोजिम बिगो रु.२९,८८,८१,४३७।५० निजको नाममा नै हाल रहेको कुनै सम्पत्तिबाट वा निजको नामबाट निजको हकवालाको नाममा सम्पत्ति गएको भए निजको हकवाला समेतबाट असुल उपर हुन मागदावी लिइएको छ।<br>• उल्लेखित प्रतिवादी कुमार खड्ग विक्रम शाहका नाममा बदनियत एवं गैरकानूनी रुपमा दर्ता भएका जग्गाहरु निजका हकवाला समेतमा नामसारी दाखिल खारेज भई सो जग्गाहरुमा प्रतिवादीहरु **दिवश विक्रम शाह, मनिषा कुमारी झा, विमला देवी, नितु कुमारी झा, मिना कर्ण, राजकिशोर महासेठ, पुष्पा सिंह, नविन कुमार झा, विपेन्द्र कुमार मिश्र, रेणु कुमारी राय, त्रिफुला कुमारी देवी, गजेन्द्र ठाकुर, शर्मिला** | | सार्वजनिक जग्गा व्यक्ति विशेषमा कायम गराउने कार्यमा संलग्न यि प्रतिवादीहरु मघु प्रसाद वस्ताकोटी, जगदेव कामती र यमुना प्रसाद पंजियारलाई आरोपदावी बमोजिम सजाय गर्नु पर्नेमा सफाई दिने गरी भएको फैसला त्रुटीपूर्ण हुदाँ बदर भागी छ।<br>• तत्कालिन जनकपुर गुठी तहसिल तथा खर्च कार्यालयका तत्कालिन कार्यालय प्रमुख, मालपोत कार्यालय, धनुषाका तत्कालिन नायव सुब्बा र खरिदार पदमा कार्यरत यि प्रतिवादीहरु मघु प्रसाद वस्ताकोटी, जगदेव कामती र यमुना प्रसाद पंजियारले आफ्नो पद हैसियत मुताविकको जिम्मेवारी र दायित्व निर्वाह गरि सरकारी सार्वजनिक सम्पतिको संरक्षण गर्नु पर्नेमा सोको दुरुपयोग गरी प्रतिवादी कुमार खडग बिक्रम शाह सँग बदनियतपुर्वक मिलेमतो गरि साबिक धनुषा, पिडारी ५ को कित्ता न.१३२,१३३,१३४,१३५ र ६ समेतका सरकारी-सार्वजनिक स्वामित्वमा नै रहिरहेको सरकारी जग्गा गैह्रकानूनी रुपमा मिति २०४३।०४।२८ मा मि.नं. ३५ बाट कुमार खड्ग विक्रम शाहका नाममा दर्ता कायम हुने निर्णय गरी साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १३ बमोजिमको कसूर गरेको पुष्टि भएको देखिन्छ। त्यसै गरी यि प्रतिवादीहरुले उक्त सार्वजनिक स्वामित्वमा नै रहिरहेको सरकारी जग्गा गैह्रकानूनी रुपमा व्यक्तिको नाउमा दर्ता गरी भ्रष्टाचारजन्य कार्य भएको भन्ने आरोप दावीको तथ्यलाई विशेष अदालतले स्वीकार गरी उक्त सरकारी सार्वजनिक जग्गा जफत गरी सरकारको नाउँमा हुने ठहर फैसला भएको अवस्थामा उक्त भ्रष्टाचारजन्य कार्य गर्ने कार्यमा संलग्न यि प्रतिवादीहरु मधुप्रसाद वस्ताकोटी, यमुना प्रसाद पंजियार, जगदेव कामती, खड्ग विक्रम शाहलाई भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १३ बमोजिमको कसूरमा कसूरदार ठहर गर्नु पर्नेमा सो प्रमाणको अन्देखा गरि निज प्रतिवादीहरुलाई आरोप दावीबाट सफाई दिने ठहर गरी भएको फैसला प्रमाण मुल्यांकन र विश्लेषणको रोहमा त्रुटीपूर्ण भएकोले बदर भागी छ।<br>• जग्गा नापजाँच ऐन, २०१९ बमोजिम २०२५ सालको पहिलो नापीबाट सरकारी सार्वजनिक रुपमा जनिई हालसम्म पनि अनवरतरुपमा सरकारी सार्वजनिक रुपमा नै भोगमा रहेका जिल्ला धनुषा साविक पिडारी गा.वि.स. वडा नं.५का कित्ता नं.१३२,१३३,१३४,१३५ का जग्गाहरु र कित्ता नं.६ को जग्गाधनी महल खाली भई व्यक्ति तथा गुठी संस्थान नजनिएको उक्त जग्गाहरु सरकारी, सार्वजनिक जग्गा रहेकोमा उक्त जग्गाहरूको अभिलेख प्रमाण सुरक्षित राखी जग्गाको संरक्षण समेत गर्नुपर्ने प्रमुख जिम्मेवारी र दायित्व हुने सम्बन्धित गुठी संस्थान, तथा मालपोत कार्यालय धनुषाले उल्टै व्यक्ति विशेषलाई सहयोग पुग्नेगरी वद्नियतसाथ विभिन्न कैफियतयुक्त र गैह्रकानूनी कार्य गर्नको लागि दुषित प्रस्ताव तथा पत्राचार गर्ने, उक्त प्रस्ताव स्वीकृति दिने समेतका निर्णय गरी-गराई सरकारी, सार्वजनिक सम्पत्तिको मस्यौट हुने गरी तत्कालीन जनकपुर गुठी तहसिल तथा खर्च कार्यालयका कार्यालय प्रमुख तथा मालपोत कार्यालय, धनुषाका कर्मचारीहरु समेतको मिलेमतोमा योजनावद्ध तरिकाले आफ्नो पद र जिम्मेवारीको दुरुपयोग गरी नेपाल सरकारलाई प्रत्यक्ष हानी र व्यक्तिविशेषलाई गैह्रकानूनी लाभ पुऱ्याउने गरी बद्नियतपूर्वक गैह्रकानूनी निर्णय गरी गराई जग्गा नापजाँच ऐन, २०१९, मालपोत ऐन, २०३४, भूमि सम्बन्धी ऐन, २०२१, गुठी संस्थान ऐन, २०३३ र जग्गा प्रशासन निर्देशिका, २०५८ का सान्दर्भिक कानूनी व्यवस्था समेतको बर्खिलाप हुनेगरी सरकारी सार्वजनिक सम्पत्तिको मस्यौट हुनेगरी बदनियतपूर्वक सरकारी जग्गा व्यक्तिको नाममा कायम गरी भ्रष्टाचारजन्य कार्यको कसुर गरेको तथ्य पुष्टि हुन आएको र गैह्रकानूनी रुपमा व्यक्ति विशेषको नाममा दर्ता कायम गर्ने गराउने, नापनक्सा गर्ने गराउने हालसाविक गर्ने गराउने गरी दुषित पत्राचार गर्ने, दुषित निर्णय गर्नको लागि गलत राय सहित टिप्पणी पेश गर्ने तथा स्वीकृत दिने समेतका गैह्रकानूनी क्रियाकलापमा संलग्न कर्मचारी, पदाधिकारीहरू एवम् सरकारी, सार्वजनिक जग्गा आफ्नो नाममा कायम गराउन राष्ट्रसेवक कर्मचारीहरूलाई अनुचित प्रभावमा पारी नेपाल सरकारलाई प्रत्यक्ष हानी र आफू समेतलाई प्रत्यक्ष लाभ पुऱ्याउने कार्यमा प्रत्यक्ष संलग्नता रहेका अन्य व्यक्ति समेतलाई आरोप पत्रको **तालिका नं.३** मा उल्लिखित कार्य कसुरको आधारमा आरोप पत्रको **तालिका नं.५** मा उल्लेख भए बमोजिमको कायम रहेको न्यूनतम् सरकारी मूल्याङ्कन रकम समेतको आधारमा |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | **कुमारी, विजय कुमार मण्डल, लक्ष्मी नारायण मिश्र, रीता देवी, जय कुमार गोइत, मोमिना वेगम, सज्ञान देवी यादव, नृपेन्द्र सिंह, नबल किशोर यादव, विभा कुमारी यादव, चन्द्रकला कुमारी देवी, सिकली देवी यादव, राम विपिन साह, लिला देवी यादव, राधिका देवी यादव** जग्गाधनी कायम भएको देखिंदा हाल कायम रहेका उक्त जग्गाहरु साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १३ र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ वमोजिम जफत हुन मागदाबी लिइएको छ।<br><u>फैसलाहरु</u><br>• विवादको जग्गा सरकारी सार्वजनिक जग्गा रहेको फिल्डबुक समेतका मिसिल प्रमाणबाट पुष्टि हुन आएकोले सो जग्गाहरु नेपाल सरकारको कायम हुनुपर्ने देखिँदा कि.नं. १३२, १३३, १३४, १३५ र ६ बाट कायम रहेका सवै जग्गाहरु भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ बमोजिम जफत भई नेपाल सरकारको नाममा दर्ता हुने।<br>• प्रतिवादीहरु मघु प्रसाद वस्ताकोटी, जगदेव कामती र यमुना प्रसाद पंजियारले आरोपित कसूरबाट सफाई पाउन ठहर्छ भनी फैसला भएको छ। | | कायम गरिएको बिगो र बिगो बमोजिमको सजाय हुनु पर्नेमा विशेष अदालतवाट आरोप पत्रमा वादी गरिएको जग्गा सरकारी कायम हुने ठहर गरि उक्त सरकारी सार्वजनिक जग्गा ब्यक्ति विशेषको नाममा कायम गरि हक स्वामित्व नै परिवर्तन गर्ने यि प्रतिवादीहरुलाई सफाइ दिने गरि भएको फैसला आफैमा त्रुटीपुर्ण देखिएकोले बदर भागी छ।<br>• अतः माथि विवेचित उल्लिखित आधार, कारणहरुको साथै मिसिल संलग्न उजुरी निवेदन, भुमिसुधार तथा मालपोत कार्यालय, धनुषाबाट विभिन्न मितिमा प्राप्त पत्रहरु, भूमि व्यवस्था, सहकारी तथा गरीबी निवारण मन्त्रालयको च.नं.९०१ मिति २०७८।१०।१४ गतेको प्रतिवेदन, आयोगको मिति २०७५।०६।०१ गतेको स्थलगत निरीक्षण प्रतिवेदन, तत्कालिन गुठी तहसील तथा खर्च कार्यालयको मिति २०४३।०४।२८ को पत्र, मालपोत कार्यालय, धनुषाको मिति २०४३।०४।२८ को निर्णय, प्रतिवादीहरुको बयान समेतका प्रमाणहरुको आधारमा यि प्रतिवादीहरु मधुप्रसाद वस्ताकोटी, यमुना प्रसाद पंजियार, जगदेव कामती, खड्ग विक्रम शाह उपरको आरोपदावी पुष्टी भई रहेकोले  निज प्रतिवादीहरुलाई आरोप दावी बमोजिम सजाय गर्नु पर्नेमा सफाई दिने ठहर गरी भएको फैसला त्रुटिपुर्ण देखिएकोले उक्त फैसला वदर गरी निज प्रतिवादीहरुलाई आरोप-पत्र मागदावी बमोजिम सजाय गरि पाउँन सम्मानित अदालत समक्ष अनुरोध गरिन्छ। |